# दंगीशरण गाउँपालिकाको विनियोजन ऐन, २०८०

गाउँसभामा पेश भएको मितिः २०८०/०३/१०

गाउँसभाबाट पारित भएको मितिः २०८०/०३/२७

प्रमाणिकरण भएको मितिः २०८०/०३/२७

दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को मा सञ्चालन गरिने सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ।

**प्रस्तावनाः** दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन गरिने सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान, २०७२ को धारा २२९ को उपधारा (२) बमोजिम दंगीशरण गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "दंगीशरण गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।
(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूचि १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू. ४३,६१,७०,०००/-(अक्षरुपी त्रिचालिस करोड एकसठ्ठी लाख सत्तरी हजार) मा नबढाई निर्दिष्ट गरिएबमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त दंगीशरण गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने कार्य र सेवाहरूको निमित्त विनियोजन गरिनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिएको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।यसरी रकम सार्दा एक शीर्षकबाट अर्को शीर्षकको जम्मा रकम २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।
तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट अर्को शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

दफा (२) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | | गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखा | २७,५३,१८०००/- | १६,०८,५२,०००/- | ४३,६१,७०,०००/- |